# विचार

यदि कुनै सुन्दरीले लज्जा त्यागिदिन्छिन्
भने उनले आफ्नो सुन्दरताको सबैभन्दा
ठूलो आकर्षण हराएकी हुन्छिन्।
- सेट ग्रेगरी

कुनै बेला कुपुत्रको पनि जन्म
हुन सक्छ, तर आमा कहिल्यै
पनि कुआमा हुन सक्दिनन्।
- शंकराचार्य

## सम्पादकीय

नेपाल समाचारपत्र

### व्यापार युद्धले अर्थतन्त्रमा धक्का

विश्वका दुई सबैभन्दा ठूला अर्थतन्त्र भएका मुलुक चीन र अमेरिका व्यापार युद्धमा उत्रिएपछि यसको प्रभाव विश्वभर पर्ने भए पनि दुई मुलुक भने प्रतिष्ठाको लडाइँमा उत्रिएका छन् । यसले विश्वलाई प्रभावित पार्ने भएपछि युरोप, एसिया र अफ्रिकामा अहिले चीन–अमेरिकाबीच शुरु भएको व्यापार युद्धको बारेमा बहस तीव्र हुन थालेको छ । अमेरिकाले चीनबाट आउने सामानमा व्यापक भन्सार शुल्क लगाउने फैसला गरेपछि चीनले पनि अमेरिकाको सिको गर्दै अमेरिकाबाट आयातीत सामानमा भन्सार मूल्यमा वृद्धि गरेको छ । अमेरिकाको विभिन्न नाकाबाट भित्रिएका ३४ अर्ब डलरको चिनियाँ सामान आयातमा २५ प्रतिशत अतिरिक्त भन्सार शुल्क लगाएपछि अमेरिकी बजारमा चिनियाँ सामान अत्यधिक महँगो हुन पुग्यो । यसले गर्दा सामान बिक्रीमा समेत गिरावट आएको समाचार सार्वजनिक भएको छ । दुवै देशका उच्च नेताका लागि यो प्रतिष्ठाको विषय भए पनि ती दुई देशका जनता मात्र होइन, संसारभरका जनता यो लडाइँबाट प्रभावित हुने भएका छन् ।

अमेरिकाले ३४ अर्ब अमेरिकी डलरबराबर सामानमा अतिरिक्त शुल्क लगाएको केही घन्टापछि नै चीनले पनि अमेरिकाबाट आयात हुने ५ सय ४५ वटा विभिन्न सामानमा भन्सार शुल्क बढाएको घोषणा गर्नुले दुवै देश व्यापार युद्धमा आम्नेसाम्ने भएका छन् । यस प्रतिष्ठाको लडाइँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सिजिन पिङलाई त व्यक्तिगतरूपमा केही फाइदा होला तर यसले विश्वबजारमा पार्ने प्रभावका बारेमा दुवै देशका नेतृत्वले सोच्नै पर्ने अवस्था सिर्जना भएको छ । चीनबाट अमेरिका निर्यात हुँदै आएको चीनमा बनेको सेमिकन्डक्टर चिप पनि परेको छ । यो चिप टेलिभिजन, कम्प्युटर, स्मार्टफोन, गाडी र दैनिक प्रयोग हुने विद्युतीय उपभोग्य सामानहरूमा प्रयोग हुने गर्छ । त्यसै गरी अमेरिकाले प्लास्टिक, परमाणु रिएक्टर र डायरीका सामान बनाउने मेसिनहरूमा पनि अतिरिक्त शुल्क लगाएको छ । अमेरिकामा चीनबाट आयात गरी निर्माण गरिएका ती सामान विश्वबजारमा समेत जाने भएकाले यसको असर विश्वभरका उपभोक्तामा प्रत्यक्षरूपमा पर्ने भएको छ ।

चीनले ५ सय ४५ अमेरिकी उत्पादनहरूमा अतिरिक्त भन्सार शुल्क बढाएको र ती अतिरिक्त शुल्क लगाइएका वस्तुहरूमा ९१ प्रतिशत उत्पादनको सम्बन्ध कृषिजन्य उत्पादसँग जोडिएको छ । चीनले सीधै किसान र कृषिसँग जोडिएका उद्यमीमाथि आक्रमणको निशाना बनाएको छ । अमेरिकामा यो समूह अमेरिकी राष्ट्रपति चुनावमा भोटबैंकको महत्वपूर्ण हिस्सा मानिन्छ । विश्वको अर्थतन्त्रलाई नै धक्का दिने गरी दुवै देशले शुरु गरेको व्यापार युद्धले अर्को विकराल अवस्था सिर्जना नगर्ला भन्न सकिन्न । यसतर्फ दुवै देशलाई दबाब दिन संसारभरका अन्य देशले कूटनीतिक पहल गर्नुपर्ने देखिन्छ ।

## सरकारले सिकोस् मुस्कानसहितको सेवा



कपिल काफ्ले

प्रधानमन्त्री केपी शर्मा ओली र उनको मन्त्रिमण्डलप्रति जनताले ठूलो आश गरेका छन्। लामो समयको अन्तरालपछि बनेको स्थायी प्रकृतिको सरकारप्रति यस प्रकारको विश्वास जाग्नु स्वाभाविक पनि छ। संघीय प्रतिनिधिसभामा झन्डै दुई तिहाइ बहुमत रहेको सरकारसँग एक प्रकारको अभिमान पनि छ। यो पनि स्वाभाविक हो। तर जनको विश्वास र सरकारको अभिमान कसरी प्रकट हुनुपर्छ भन्ने सम्बन्धमा बहस भएको छैन। स्थायी सरकारको स्वास्थ्यका लागि यस विषयमा बहस हुनु आवश्यक छ।

उपत्यकाको माइतीघर मण्डलालगायतका स्थानमा जारी गरिएको निषेधाज्ञा नहट्ने, डा. गोविन्द केसीले राजनीति गर्ने भए जागिर राजीनामा दिएर मैदानमा उत्रिनुपर्ने, काठमाडौं उपत्यकामा मेडिकल कलेज खोल्न नरोकिने, यससम्बन्धी विधेयक यथावत्रूपमा पारित नहुने, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलाई संसदीय समिति र संवैधानिक निकायमा भागवण्डा लगाएर सिट दिन नसकिने आदि विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीलगायतका केन्द्रीय नेता तथा मन्त्रीहरू मुस्कानरहित अनुहार बनाएर प्रकट भएका छन्। उनीहरूको अनुहारबाट मुस्कान मात्र गायब भएको होइन, उनीहरू आक्रोश र अभिमानका साथ प्रतिवाद गरिरहेका छन्। गतवर्ष तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले टेलिभिजनको पर्दामा प्रश्नकर्तालाई औंला ठड्याएर 'बढ्ता नबोल्नूस्' भनेर थर्काएजस्तै ओली र उनका मन्त्रीहरू जनता थर्काउन थालेका देखिन्छन्।

जनमत पाएर दुई तिहाइको निकट उभिएको सरकारका लागि पनि जनताकै अगाडि उभिएर अभिमान देखाउनु स्वस्थकर हुँदैन। पक्ष-प्रतिपक्षको मानसिकता देखाउन नेकाले सुहाउला तर नेकपाले सुहाउँदैन, किनभने ऊ अहिले सरकारमा छ र माइतीघर मण्डलामा विरोध प्रदर्शन गर्न खोज्ने जनताको पनि अभिभावकका रूपमा रहेको छ। डा. केसीलगायत सबै उसका जनता हुन्। व्यवहारमा माइतीघर मण्डलामा विरोध प्रदर्शन गर्न नदिन सकिन्छ, तर यसरी खस्रो किन बोल्नुपर्‍यो ? आक्रोश र अभिमानले शेरबहादुरलाई कुर्सीबाट सम्भवतः सदाका लागि पछारेको दृश्यबाट ओली सरकारले पाठ सिक्ने कि नसिक्ने ?

> पक्ष-प्रतिपक्षको मानसिकता देखाउन नेकाले सुहाउला तर नेकपाले सुहाउँदैन, किनभने ऊ अहिले सरकारमा छ र माइतीघर मण्डलामा विरोध प्रदर्शन गर्न खोज्ने जनताको पनि अभिभावकका रूपमा रहेको छ। डा. केसीलगायत सबै उसका जनता हुन्। व्यवहारमा माइतीघर मण्डलामा विरोध प्रदर्शन गर्न नदिन सकिन्छ, तर यसरी खस्रो किन बोल्नुपर्‍यो ?

प्रहरीलाई मुस्कानसहितको सेवा गर्न सिकाउने तर सरकार भने आक्रोशयुक्त सेवा प्रदान गर्ने, व्यवहारमा समन्वय देखिएन। प्रहरीप्रतिको सर्वसाधारणको विश्वास अभिवृद्धि गर्न, नागरिकमा प्रहरीप्रतिको नकारात्मक सोचलाई हटाउन तथा सुरक्षित समाज निर्माणका लागि प्रहरीसँगको हातेमालो र समन्वयमा बढोत्तरी ल्याउन नेपाल प्रहरीले विभिन्न समयमा विभिन्न अभियानहरू सञ्चालन गर्दै आएको छ। नागरिकको पीरमर्का, गुनासो एवम् कानुनी कारबाही तथा उपचारको सन्दर्भमा नागरिकसँग प्रस्तुत हुने शैली, गरिने व्यवहार हार्दिक र नागरिकमैत्री बनाउन तथा प्रहरीको कार्य व्यवहारका सम्बन्धमा विभिन्न समयमा भएका अध्ययनका आधारमा गरिएको मुस्कानसहितको सेवाका कारण प्रहरी लोकप्रिय बन्ने क्रममा छ। पञ्चायती अधिनायकवादी व्यवस्था र राजतन्त्रको हिमायती तथा कम्युनिस्ट-कांग्रेसको विरोधी शक्तिका रूपमा स्थापित नेपाल प्रहरीको छवि लोकतान्त्रिक बनाउन 'मुस्कानसहितको सेवा'ले उल्लेख्य योगदान दिएको देखिन्छ।

नेपाल प्रहरीको सहकार्य र भूमिकालाई जनस्तरसम्म पुर्‍याउन नागरिक भेटघाट, घरदैलो कार्यक्रम, सामुदायिक प्रहरी सेवाको अवधारणाको कार्यान्वयन, सूचना र प्रविधिको उच्चतम प्रयोग, नागरिक सुनुवाइ, महिला तथा बालबालिका समन्वय केन्द्र, नागरिक सहायता कक्ष स्थापना, शान्तिदूत कार्यक्रमलगायतका अभियान र कार्यक्रमले नागरिक-प्रहरी सम्बन्ध र सहकार्य बढाएको देखेर पनि ओली सरकाले 'मुस्कानसहितको सेवा' को अभ्यास गर्नुपर्ने हो। त्यसै पनि आज सरकारमा रहेका व्यक्तिहरू दशकौं जेल परेका, भूमिगत जीवन बिताएका, जनतासँग बसेर मकै-खट्टे खाँदै व्यक्तित्व बनाएका पात्रहरू छन्। उनीहरूको स्वभावमै 'मुस्कानसहितको सेवा' अन्तरनिहित हुनुपर्ने हो।

मुस्कानसहितको सेवाकै कारण नर्वेमा ८९ प्रतिशत, ब्रिटेनमा ८७ प्रतिशत, क्यानडामा ७९ प्रतिशत, इटालीमा ६७ तथा फ्रान्समा ६६ प्रतिशत जनता प्रहरीप्रति सम्मान र विश्वास प्रकट गर्छन्। नेपाल प्रहरीबाट प्रदत्त सेवाप्रति ६५.२ प्रतिशत नागरिकले विश्वासभाव प्रकट गर्ने गरेको नेपाल प्रहरीकै एक प्रतिवेदनमा जनाइएको छ।

एक विश्वासअनुसार मानिसहरू धेरै नबोल्ने हो भने दुनियाँमा ९० प्रतिशत समस्या आफैं कम हुन्छ। बोले पनि मृदुभाषी हुने हो भने समस्या छैन। 'डा. गोविन्द केसीले आमरण अनशन बस्दैमा काठमाडौंमा १० वर्षसम्म मेडिकल कलेज खोल्न रोक लगाउन सकिन्न' भनेर प्रधानमन्त्री ओलीले नै किन बोल्नुपर्‍यो, विभागीय मन्त्रीभन्दा तलका व्यक्तिलाई लगाउने नि यस्तो खस्रो बोली बोल्नलाई। त्यही पनि 'एक डाक्टरको कुरा सुन्ने कि लाखौं नेपालीको कुरा मान्ने ? ठूलो जमात राजधानीमा मेडिकल कलेज खोल्न रोक लगाउनुहुन्न भनिरहेको छ' भन्न पनि सकिन्छ नि ! राजनीति नै गर्ने हो भने राजधानीमा मेडिकल कलेज चाहिन्छ भन्ने समुदायबाट ज्ञापनपत्र बुझेर प्रचारबाजी गर्न पनि ओली सरकारलाई कसैले रोकेको छैन ! 'जनताले तिरेको करबाट तलब खाने कर्मचारीले आफ्नो काम गर्नुपर्ने भन्दै उनले राजनीति गर्ने भए पार्टी प्रवेश गर्न डा. केसीलाई म आग्रह गर्छु' भनेर प्रधानमन्त्री ओलीले नै किन बोल्नुपर्‍यो !

प्रधानमन्त्री ओलीले हरेक शनिबार सांसदसँग अन्तरक्रिया गर्ने अभ्यास थालेका छन्, जो सराहनीय छ। २३ असारका दिन प्रदेश २ को विकास निर्माणबारे छलफल गर्न नेकपाका सांसदहरूलाई बालुवाटार बोलाएर उनले माइतीघर मण्डला र डा. केसीलगायतका सन्दर्भमा आफ्नो धारणा प्रकट गरेका हुन्। यदि त्यो पार्टीगत आन्तरिक प्रशिक्षण थियो भने कुरा बेग्लै हो, कार्यकर्ताले ठीक किसिमले बुझेर पार्टीभित्रका संवाद बाहिर ल्याउनुपर्‍यो, अन्यथा सरकारलाई अलोकप्रिय बनाउने र अस्थिरता सिर्जना गर्ने काम हुनुभएन। माथि नै भनिसकियो, यस सरकारलाई असफल भएको र अस्थिरता निम्तिएको देख्न जनता तयार छैन। राजनीतिक अस्थिरताले मुलुकलाई कसरी पाताल पुर्‍याउँदो रहेछ, जोरिपारीका अगाडि मुलुकले कसरी लज्जित र पछौटे बनेर बस्नुपर्ने रहेछ- जनतासँग कटु अनुभव छ।

'सरकार जनताबाट चुनिएर आएको भन्दै प्रधानमन्त्री ओलीले सरकारको विरोध गर्नु जनमत विपरीत हुने दाबी गरे' समाचारमा यस्तै भाषा प्रकाशित र प्रसारित भयो। यस वाक्यको अर्थ अधिनायकवादतर्फ उन्मुख सरकार भनेर पनि लगाउन सकिन्छ। स्वभावतः प्रमुख प्रतिपक्ष नेकालाई विरोधका लागि 'बिजनेस' चाहिएको छ। समय-परिस्थितिले उसलाई बिजनेस दिनु अर्को कुरा हो, तर ओली सरकार स्वयंले विरोधका मुद्दा दिनु र अधिनायकवाद उन्मुख रहेको प्रमाण पस्किनु बुद्धिमानी हुँदैन।

सरकारमा रहेर तीखो भाषा प्रयोग गर्ने कार्यमा गृहमन्त्री रामबहादुर थापा र यातायातमन्त्री रघुवीर महासेठलगायत अगाडि छन्। यातायात क्षेत्रको सिन्डिकेट फर्काउन महासेठ लागिपरेको समाचार बाहिर आएको छ। यातायात क्षेत्रको विकृति हटाउन यातायात व्यवस्था विभागले गत १८ चैतदेखि कारबाही थालेको थियो। तर सिन्डिकेटविरुद्ध निर्णायक कारबाहीमा उत्रिएका तत्कालीन महानिर्देशक रूपनारायण भट्टराईलाई हौसला दिनुको सट्टा अचानक मन्त्रालय तानेर कामविहीन बनाएको टिप्पणीप्रति सरकारले खण्डन गर्न सकेको छैन। देशभर शक्तिशाली पाँच यातायात समितिसहित करिब ४ सय सार्वजनिक यातायात समिति एनजीओका रूपमा अहिले पनि बहाल छन्। सरकारी निर्णय उल्ट्याएर पुनः एनजीओका रूपमा यातायात समिति दर्ता र सञ्चालन गर्ने कसरतमा यातायात व्यवसायी देखिन्छन्।

आजका सचेत नेपालीलाई ओठे जवाफले सन्तुष्ट बनाउन सकिँदैन। सरकारका पात्रहरूले कत्ति पनि 'डबल स्टान्डर्ड' देखाएको उनीहरू तत्काल पहिचान गर्छन्। मुस्कानसहितको सेवा त चाहियो नै, त्यस मुस्कानभित्र हार्दिकता पनि अन्तरनिहित हुनु आवश्यक छ।

## पाठक पत्र

### ओलीलाई सत्ताको उन्माद लागेकै हो ?

दुई तिहाइ बहुमत पाएपछि ओली सरकार अलि निरंकुश भएको महसुस भएको छ। उपकुलपतिजस्तालाई बालुवाटारमा थुन्ने, गोविन्द केसीलाई मरे मरोस् भन्ने गैरजिम्मेवार काम हुँदै आएको छ। बोलीमा समाजवाद र व्यवहारतः अधिनायकवादतर्फ यो सरकार अग्रसर भइरहेको संकेत प्रस्ट देखिन थालेको छ। शक्तिशाली सरकार यति विघ्न कृतघ्न बनेको छ कि उसको विरोध गर्नु उसलाई कुनै हालतमा पाच्य हुनै सक्दैन। लोकतन्त्रमा सरकारलाई स्वेच्छाचारी हुनबाट रोक्न प्रतिपक्षीय भूमिका महत्वपूर्ण रहन्छ। तर, प्रतिपक्षीय भूमिकामा रहेको कांग्रेस अहिलेसम्म आफ्नै पिरले चाउरिएको मरीचसमान बनेको छ।

यही मौकामा सरकारले सत्तारुढ दलका नेता तथा कार्यकर्ताको निजी स्वार्थ पूरा हुने गरी मेडिकल कलेजलाई सहजै सम्बन्धन दिन सकिने व्यवस्था राखिएको विधेयक शुक्रबार संसद्मा दर्ता गर्‍यो। उक्त विधेयक सर्वसाधारणलाई चिकित्सा शिक्षा र स्वास्थ्य सेवा सहज र सुलभ बनाउन प्रा.डा. गोविन्द केसीले वर्षौंदेखि गर्दै आएको सत्याग्रहमाथिको ठूलो पटाक्षेप थियो। सरकारले किन उक्त विधेयक ल्याएको हो भनेर जान्न धेरै सोच्न आवश्यक छैन। किनभने, मेडिकल कलेजहरूमा सत्तारुढ कम्युनिस्ट नेता तथा कार्यकर्ताको ठूलो लगानी रहेको वास्तविकता सर्वविदितै छ।

प्रा.डा. गोविन्द केसीले पटक-पटकको सत्याग्रहपश्चात् एउटा विश्वविद्यालयले पाँच वर्षभन्दा बढी कलेजलाई सम्बन्धन दिन नपाउने, अस्पताल तीन वर्ष पूर्णरूपमा सञ्चालन भएको हुनुपर्ने र काठमाडौं उपत्यकामा १० वर्षसम्म सम्बन्धन नदिने विधेयक हटाउँदै सरकारले प्रतिस्थापन विधेयक दर्ता गराएर शक्ति प्रदर्शन गरेको छ। उक्त विधेयक चिकित्सा शिक्षा विधेयक नाफामूलक संस्थाको हित र जगेर्ना गर्ने उद्देश्यले ल्याइएको हो भन्नेमा कुनै द्विविधा छैन। विद्यार्थी र अभिभावकलाई सुविधा प्रदान गर्ने विषयमा भन्दा चिकित्सा क्षेत्रका माफियालाई लुट्न सजिलो बनाउने उद्देश्यले सरकारले विधेयक तयार गरेर आलोचित बन्न पुगेको छ।

डा. केसीले उक्त विधेयकको विरोधमा स्वास्थ्य शिक्षा सुधारका मागसहित १५ औं पटक अनशन बस्दा सरकारले निषेधित क्षेत्र घोषणा गर्ने, पक्राउ गर्नेजस्ता हर्कत गरेर अलोकतान्त्रिक चरित्र प्रदर्शन गरेको छ। विद्यार्थीमुखी चिकित्सा ऐन जारी गर्न दबाबस्वरूप अनशन बस्दा डा. केसीलाई पक्राउ गर्नु आमजनताको अधिकारमाथि नियन्त्रण गर्नु हो। किनभने, डा. केसी कुनै शक्ति र सत्ताका लागि अनशन जरुर बसेका होइनन्, उनी कुनै दलका हिमायती पनि होइनन्। उनले चिकित्सा क्षेत्रको सुधारका लागि आवाज उठाउनु, लुटतन्त्र र माफियातन्त्रको विरोध गर्नु राज्यविरुद्धको अपराध कदापि होइन।

सरकारले प्रा.डा. केसीको अनशनमा रोक लगाउने, नागरिक संस्थाहरूमाथि नियन्त्रण गर्ने, निषेधित क्षेत्रको विस्तार तथा मन्त्रीलाई प्रश्न सोधेकै भरमा कार्यक्रम बन्द गर्नेजस्ता हर्कत गरेर अधिनायकवादी चरित्र प्रदर्शन गरिरहेको छ। सरकारले सत्यनिरूपणमा गैरराजनीतिक हिंसा र हत्याका दोषीलाई उन्मुक्ति दिने प्रपञ्च गर्दै छ भने फरक मत राख्नेमाथि नियन्त्रण कायम गरेर दुई तिहाइको दम्भ देखाइरहेको छ। लोकतान्त्रिक गणतन्त्रमा सरकारले गरेका सबै कामको समर्थन गरिदिनुपर्ने, सरकारी हस्तक्षेपमाथि प्रतिक्रिया दिनै नहुनेजस्ता दृष्टान्त केको संकेत हो ? सरकारले जनअपेक्षा पूरा गर्न नसकेपछि आमजनतामाथि नियन्त्रण कायम गर्न अग्रसर हुनु विडम्बनापूर्ण छ।

सरकारले विधिको शासन र लोकतन्त्रप्रति सम्मान गर्छ भन्ने आलोचकका टिप्पणीहरू सुन्न सक्नुपर्छ। पक्षपोषण र स्पष्टीकरण दिएर होइन, आफ्ना कमी-कमजोरी सच्याउन अग्रसर हुनुपर्छ। डा. केसीले विद्यार्थी तथा गरिब जनताको हितका निम्ति शुरु गरेको अनशनको पक्षमा सर्वसाधारण, नागरिक समाज, चिकित्सक, विद्यार्थीलगायतले हस्ताक्षर अभियान गरेर ऐक्यबद्धता जनाएका छन्। डा. केसीको शान्तिपूर्ण आन्दोलनले अत्तालिएको सरकारले जनताको सम्मान गर्छ कि नियन्त्रण गर्ने प्रयास गर्छ, त्यो हेर्न बाँकी छ। सरकार जतिसुकै शक्तिशाली भए पनि स्वेच्छाचारी बन्यो भने त्यसले उचित परिणाम नल्याउनेतर्फ पनि उत्तिकै ध्यान दिनु आवश्यक छ।

*- मनोज भण्डारी, काठमाडौं।*

### विपद् व्यवस्थापन चुस्त बनाऊ

भारी वर्षाका कारण देशैभरि धेरैको ज्यान गएको छ। धेरै घरबारविहीन भएका छन्। यस वर्षको मनसुन सक्रिय हुँदा देशभर अविरल वर्षा भइरहेको छ। ठाउँ-ठाउँमा वर्षाका कारण पहिरो गएको छ। पहिरोमा बस्तीहरू डुबेका छन्। बाढीले गाउँबस्ती नै बगाएको छ। सडक आवागमनमा अवरोध खडा हुँदा हजारौं यात्री बीचबाटोमै अलपत्र परेका छन्। अविरल वर्षाले विभिन्न शहर जलमग्न बनेका छन्। यतिखेर अविरल वर्षा सास्ती बनेर उभिएको छ।

बाढी-पहिरोमा परी बर्सेनि हजारौंको निधन हुने गरेको छ। अविरल वर्षा, बाढी, पहिरो मावनीय क्षमताभन्दा बाहिरको कुरा हो। तर समयमै सचेत हुँदा क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। गम्भीर हुनुपर्ने कुरा नै यही हो। बाढीबाट बच्नका लागि पूर्वतयारी र सचेतना भएमा धनजनको क्षतिलाई कम गर्न सकिन्छ। मानवीय अतिक्रमणका कारण धेरै ठाउँमा पहिरोको जोखिम बढाउने काम भइरहेको छ। पर्याप्त प्राविधिक अध्ययनविना मनलाग्दी हिसाबले विकास निर्माणका संरचनाहरू खडा गर्ने लहरले पनि नेपालका पहाडी क्षेत्रलाई पहिरोको मुखमा पुर्‍याउने काम गरेको छ। प्राकृतिक सन्तुलनलाई बेवास्ता गरी जथाभावी वन फडानी गर्नाले धेरै भूभागमाथि अन्याय भएको छ। यसले पनि प्राकृतिक विपत्ति निम्त्याउने काम गरिरहेको छ।

सरकारले उद्धार र राहतका लागि खडा गरिएका सबै संयन्त्रहरूलाई 'अलर्ट' राख्नुपर्छ। यसका लागि आवश्यक सम्पूर्ण सामग्रीको व्यवस्था हुनुपर्छ। स्थानीय प्रशासन चनाखो भएर परिस्थितिलाई हेर्नुपर्छ। आपत् आइलागेको स्थानमा तत्काल टोली परिचालनका लागि तम्तयारी अवस्थामा राख्नुपर्छ। यसअघिका थुप्रै घटनाहरूमा तत्काल उद्धार टोली पठाउन नसक्नाले धेरैले ज्यान गुमाउनुपरको तीतो अनुभव छ। यसबाट पाठ सिकेर त्यस्ता कमी-कमजोरी दोहोरिन नदिनु बुद्धिमानी हुनेछ।

सबैभन्दा नजिकको सरकार भनेकै स्थानीय सरकार हो। सानोतिनो भूमिकाका लागि पनि केन्द्रको मुख ताकेर बस्नाले अनावश्यकरूपमा क्षति बेहोर्नुपर्ने स्थितिको अब अन्त्य हुनुपर्छ। यसर्थ स्वाभाविकरूपमा यस्तो आपत्विपत्का बेला उसको उपस्थिति र सक्रियता बढी अपेक्षित हुन्छ। उद्धार र राहतका लागि आवश्यक सबै सामग्रीको जोहो गरी स्थानीय सरकार चनाखो भएर रहनुपर्छ।

*- माधव कार्की, नुवाकोट।*

## सामाजिक सञ्जाल



विश्वविद्यालयका उपकुलपतिलाई विमानस्थलबाट प्रहरी लगाएर बालुवाटार झिकाउनु, प्रधानमन्त्रीले भेट्न खोजेको गलत सन्देश दिनु र विदेश जान रोक लगाउनु आपत्तिजनक छ। देखादेखी स्वेच्छाचारिता बढ्यो।

**Daman Nath Dhungana**
**@daman_nath**



वास्तवमा जिन्दगी छोटो छैन, बरू हामी जिन्दगी जिउन ढिलो शुरू गर्ने गर्छौं। त्यसैले जिन्दगीलाई समयमै व्यस्त बनाउनुहोस् र मस्ती गर्न पनि नभुल्नुहोस्।

माइक बुढाथोकी
**@tb_bth2**